# लहान नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(आन्तरिक राजश्व व्यवस्थापन उप-शाखा)
लहान (सिरहा)
मधेश प्रदेश, नेपाल

अधिकार छैठौं
लहान न.पा.

## स्थानीय विज्ञापन कर ठेक्का सम्बन्धी सिलबन्दी दरभाउपत्र आहवान सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०३/१९

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने आन्तरिक आय तर्फको विज्ञापन कर नगरसभावाट स्वीकृत दररेटमा संकलन गर्न आ.व. २०७९/०८० कालागि २ (दुई) किस्तामा ***विज्ञापन कर ठेक्का*** वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट यस कार्यालयको website: www.lahanmun.gov.np मा राखिएको तथा यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको विस्तृत सूचनामा तोकिएका शर्तहरुको अधिनमा रही सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनसम्म कार्यालय समयभित्र दरभाउपत्र फारम दस्तुर रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजस्व व्यवस्थापन उप-शाखावाट दरभाउपत्र खरिद गरी १६ (सोह्र) औं दिन दिनको १२:०० वजेभित्र यस कार्यालयमा दर्ता हुने गरी रीतपूर्वकको सिलवन्दी दरभाउपत्र सूचना आहवान गरिन्छ ।

तपसिल :-

| क्र.सं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक रकम रु.. (VAT, आयकर तथा दुर्गा पुजा चन्दा वाहेक) |
|---|---|---|
| ०१. | विज्ञापन कर | १३,२४,०००/- |

शर्तहरु :-

०१. खरिद गरिएको दरभाउपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्वन्धित व्यक्तिले प्रत्येक पानामा सही छाप गरी शिलवन्दी गरी खाम वाहिर ठेक्काको नाम र प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी १६(सोह्र) औं दिन दिनको १२:०० वजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ यसरी दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २:०० वजे पछि न.पा. कार्यालयमा दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा न.पा.कार्यालयमा खोलिने छ । उक्त समयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि रितपूर्वकको दरभाउपत्र खोलिने कार्यमा वाधा पर्ने छैन ।

०२. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

०३. शिलवन्दी दरभाउपत्र साथ आफूले कवोल गरेको अंकको नेपाली नागरिक भए ५% ले हुने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लि., लहान स्थीत च.हि.नं. ०३६०३०००००३००००००००१ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम वरावरको यस कार्यालयका नाउँमा मान्यता प्राप्त बाणिज्य बैंकवाट जारि गरिएको कम्तीमा ७५ दिन म्याद भएको जमानी पत्र सक्कल प्रति संलग्न राख्नु पर्नेछ । धरौटी रकम दरभाउपत्र साथ नगद खामी आएमा नगरपालिका जिम्मेवार हुने छैन साथै सो दरभाउपत्र मान्य न भै अमान्य हुनेछ ।

०४. दरभाउपत्र फारम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

०५. दरभाउपत्र स्वीकृत भए पछि ठेक अत्तिरिक्त न.पा. द्वारा संचालित दुर्गा पूजाकोलागि १.५% र भ्याट १३% तथा आयकर वापत १.५% समेत जम्मा १६% रकम ठेक अंकमा जोडि दुई किस्ता गरी पहिलो किस्ता चलन पूर्जि लिनु अगाबै दोश्रो किस्ता २०७९ फाल्गुन मसान्त सम्म बुझाउनु पर्ने छ । साथै किस्ता बन्दी गर्दा बांकी ठेक रकम बराबर यस कार्यालयका नाउंमा मान्यता प्राप्त बाणिज्य बैंकवाट जारि गरिएको कम्तीमा १२ महिना म्याद भएको जमानी पत्र सक्कल प्रति चलन पूर्जि लिनु अगाबै फर्म वा व्यक्तिले पेश गर्नु पर्ने छ ।

०६. दरभाउपत्र पेश गर्दा दरभाउपत्रदाताको तर्फवाट कुनै किसिमको शर्त मान्य हुने छैन । शर्त सहितको दरभाउपत्रलाई बदर मानिने छ । साथै रीत नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कार्यवाही हुने छैन ।

०७. दरवन्दी भन्दा वढी रकम उठाएमा वा न.पा.को अहित हुने काम कार्यवाही गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ ।

०८. प्राप्त दरभाउपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा अंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

०९. दरभाउपत्र सम्वन्धी केही कुरा वुझ्न परेमा कार्यालय समयभित्र राजश्व उप शाखामा सर्म्पक राखी वुझ्न सकिनेछ ।

१०. ठेक्का वापत नेपाल सरकारलाई वुझाउनु पर्ने कर दस्तुर ठेक्कावालाले नै वुझाउनु पर्ने छ ।

११. प्रचार प्रसारकालागि तोकिएको सार्वजनिक स्थानहरु लगायत घर, टहरा माथि राखिएका होर्डिङ वोर्ड तथा भिते लेख्न द्धारा गरिएको प्रचार प्रसारका सामाग्रीमा मात्र विज्ञापन कर लिन पाईनेछ ।

विज्ञापन करको दररेट निम्नानुसार रहेको छ ।

निम्न :-

| सि.नं. | विवरण | इकाई | रु. |
|---|---|---|---|
| १. | डि.पि.एस.वोर्डहरुलाई | प्रतिबर्ग फिट | १००।- |
| २. | प्रचार प्रसार पर्चा पम्पलेट | प्रति पाना | ।१।- |
| ३. | व्यापारिक होरिङ्गवोर्डहरुको | प्रतिबर्ग फिट | १००।- |
| ४. | व्यापारिक तथा व्यवसायिक प्रयोजनको फ्लेक्स | प्रतिबर्ग फिट | २०।- |
| ५. | कपडा तुल तथा फ्रेम नगरिएको फ्लेक्स व्यानर | प्रति थान प्रति पटक | २००।- |
| ६. | व्यापारिक तथा व्यवसायिक प्रयोजनका लागि घर तथा पर्खालहरुमा लेखिएको प्रचार प्रसारहरुमा | प्रतिबर्ग फिट | २५।- |
| ७. | डिजिटल होरिङ्गवोर्ड | प्रतिबर्ग फिट | ४०।- |
| ८. | डि.पि.एस.वोर्डहरुलाई १० बर्ग फिट भन्दा साना एक भन्दा वढी वोर्ड राख्ने भएमा | प्रतिबर्ग फिट | १००।- |
| ९. | लाइटवोर्ड/विधुत पोल | प्रतिबर्ग फिट | ५००।- |
| १०. | मुख्य शहरी क्षेत्रको सोलार पोलमा विज्ञापन गर्दा | बार्षिक | ३००।- |
| ११. | एल.ई.डि. वोर्ड | प्रतिबर्ग फिट | ५००।- |
| १२. | घुम्ती प्रचार प्रसार अन्य व्यवसायिक वस्तु | प्रतिदिन | १०००।- |
| १३. | मदिराजन्य वस्तुको विज्ञापन होरिङ्ग वोर्ड | प्रतिबर्ग फिट | ५०।- |
| १४. | अन्य वस्तुको विज्ञापनमा | प्रतिबर्ग फिट | ४०।- |